# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
## National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"... Center of Excellence for Judicial Education."


च.नं. ३६४/०८२।८३ मिति २०८२।१२।०५

## 'प्रतिपादन २०८३' का लागि लेख आह्वान

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालको बारेमाः**

राष्ट्रिय न्यायिक प्रतिष्ठान सन् २००४ मा स्थापना भई नेपालको न्यायपालिकाका न्यायाधीश, सरकारी वकिल, कानून अधिकृत, अदालतका अधिकृत कर्मचारी तथा न्याय प्रशासनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न जनशक्तिको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नुका साथै सरोकारवालाहरुको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउनका लागि निरन्तर कार्यरत रहेको छ। प्रतिष्ठानले कानून तथा न्यायका विषयमा प्रशिक्षण प्रदान गर्नुका साथै कानूनी अनुसन्धान तथा अतिरिक्त, कानून र न्यायको क्षेत्रमा महत्वपूर्ण अनुसन्धानमूलक कानूनी दस्तावेजहरु प्रकाशन समेत गर्दै आएको छ।

**प्रतिपादन बारेमाः**

राष्ट्रिय न्यायिक प्रतिष्ठानले अनुसन्धानमूलक जर्नलहरू अंग्रेजी र नेपाली भाषामा वार्षिक रुपमा प्रकाशन गर्दै आएको छ। प्रतिष्ठानको उद्देश्य बमोजिम विगतदेखि प्रकाशन हुँदै आएको अनुसन्धानमूलक कानूनी पत्रिका "प्रतिपादन" ले न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका साथै प्राज्ञिक कार्यमा अभिरुचि बढाएको र न्यायिक कार्य सम्पादनमा सहजीकरण भएको अनुभूति प्रतिष्ठानले गरेको छ। विगतका वर्षमा जस्तै यस वर्ष २०८३ को लागि नेपाली भाषामा प्रकाशन हुने विज्ञ समीक्षित (Peer Reviewed) अनुसन्धानमूलक कानूनी पत्रिका "प्रतिपादन" को तेह्रौं शृंखला प्रकाशनको क्रममा रहेको छ। प्रतिपादनको निरन्तरता दिन यस अंकका लागि कानून तथा न्यायको क्षेत्रमा विज्ञ व्यक्तिहरूको अनुसन्धानमूलक लेखको अपेक्षा प्रतिष्ठानले गरेको छ। अतः कानून र न्यायका विषयसँग सम्बन्धित अनुसन्धानमूलक लेख यसैसाथ सम्लग्न मापदण्डमा उल्लिखित मिति भित्र प्रतिष्ठानको देहायको इमेलमा विद्युतीय प्रति पठाउन हुन अनुरोध छ।

**लेख बुझाउने तरिकाः**

लेखहरुको बुझाउने, प्राप्ति तथा प्रक्रिया लगायत सम्पूर्ण विषयहरु यसै सूचनामा उल्लिखित मापदण्ड बमोजिम हुनेछ। लेख उपलब्ध गराई महत्वपूर्ण योगदान हुने अपेक्षा राखिएको छ।

**सम्पर्क**

लेख सम्बन्धी अन्य जानकारीका लागि तल उल्लिखित सम्पादन मण्डललाई सम्पर्क गर्न अनुरोध छ।

<u>सम्पादन मण्डल</u>

- **प्रधान सम्पादकः** श्री पारस पौडेल (९८५११२०६५४)
- **सम्पादकः** श्री शैलेन्द्र कुमार गुप्ता (९८४८१७१०५४)

**लेख पठाउने इमेलः** njapratipadan@gmail.com

२०८२।१२।०५
पारस पौडेल
निर्देशक